<u>अनुसूचीहरू</u>

<u>तालिका १:</u>

**<u>मिति 27-Mar-18 6:07:14 PM देखि 27-Mar-18 6:08:27 मा गरेको WhatAPP Message को प्रतिवादी सुनिल पौडेल ( Chat Massage मा Local User भनी देखिएको) ले लगात अनुमान वनाउनका लागि प्रतिवादी दिपक आनन्दलाई Quotation पठाउन भनी Message पठाएको।</u>**

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| ↗ Delivered<br>**Local User** 27-Mar-18 6:07:14.468 PM<br>Aba I also need quotation from 3 companies as a basis of cost estimate | अब ३ कम्पनीको हाम्रो cost estimate अनुसारको quotation चाहियो, |
| ↗ Delivered<br>**Local User** 27-Mar-18 6:07:26.066 PM<br>And* | |
| ✓ Received<br>**919971766006 (Deepak Ananda)** 27-Mar-18 6:08:24.000 PM<br>Sure sir, thanks | हुन्छ |
| ✓ Received<br>**919971766006 (Deepak Ananda)** 27-Mar-18 6:08:27.000 PM<br>Will do | गर्छु |

**बिश्लेषणः** 27-Mar-18 6:07:14 PM देखि 27-Mar-18 6:08:27 PM मा आदान प्रदान गरेको WhatAPP Message मा प्रतिवादी सुनिल पौडेलले "Aba I also need quotation from 3 companies as a basis of cost estimate" अर्थात *लागत अनुमानको आधारको रूपमा मलाई तीनओटा कम्पनीहरूको कोटेशन समेत चाहिन्छ* भनी भनेको र प्रतिवादी दिपक आनन्दले हुन्छ, म गर्छु भनेको।

<u>तालिका २:</u>

**<u>मिति 28-Mar-18 8:57:33 PM देखि 28-Mar-18 9:01:55 PM मा गरेको WhatAPP Message को संवादमा प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई (Bill of Materials) पठाएको।</u>**

<table>
<tr><th>WhatsApp Message</th><th>नेपालीमा विवरण</th></tr>
<tr><td>✓ Received<br>919971766006 (Deepak Ananda) 28-Mar-18 8:57:33.000 PM<br>Working on the quote, please confirm if the BoM looks ok.</td><td>Quote मा काम गर्दै छु, BoM (Bill of Material) ठिक छ भने, Confirm गर्नु</td></tr>
<tr><td>✓ Received<br>919971766006 (Deepak Ananda) 28-Mar-18 8:58:30.000 PM
<table>
<tr><th>S.No</th><th>Description</th><th>Qty</th><th>Unit Price</th><th>Total (USD)</th></tr>
<tr><td>1</td><td>Application Load Balancer with Web Application Firewall and Bandwidth Manager with one year Support for DRC</td><td>2</td><td>125,000</td><td>250,000</td></tr>
<tr><td>2</td><td>DNS Firewall with One Year Support for DRC</td><td>2</td><td>100,000</td><td>200,000</td></tr>
<tr><td>3</td><td>Web Proxy for 100-249 users with One Year Support and Subscription for DRC</td><td>2</td><td>25,000</td><td>50,000</td></tr>
<tr><td>4</td><td>E-mail Security for 100-249 Users with One Year Support and Subscription for DRC</td><td>2</td><td>20,000</td><td>40,000</td></tr>
<tr><td>5</td><td>Secure Remote Access for 100-249 users with 1 year of support and subscription for DRC and GIDC</td><td>4</td><td>20,000</td><td>80,000</td></tr>
<tr><td>6</td><td>Next Generation Firewall with IPS and Advanced Threat Protection with 1 year of support and subscription for DRC</td><td>2</td><td>100,000</td><td>200,000</td></tr>
<tr><td>7</td><td>Gateway router with 10G of throughput with GE ports with 1 year of support and subscription for DRC</td><td>2</td><td>150,000</td><td>300,000</td></tr>
<tr><td>8</td><td>48 port 1G/10G base-T switch for DRC with 1 Year of support and Subscription for DRC</td><td>4</td><td>25,000</td><td>100,000</td></tr>
<tr><td>9</td><td>End point antimalware software for servers with 1 year of support and subscription for DRC</td><td>15</td><td>2000</td><td>30,000</td></tr>
<tr><td colspan="3">Total Value</td><td></td><td>1,250,000</td></tr>
</table>
</td><td>माथि उल्लेखित संवादमा कुराकानी भए बमोजिम दिपक आनन्दले सुनिल पौडेललाई पठाएको BoM (Bill of Material).</td></tr>
<tr><td>↗ Delivered<br>Local User 28-Mar-18 9:01:55.220 PM<br>Need to increase the price of DNS firewall above 175K and Ned to decrease the cost of switch and routers and make it 1.2M</td><td>1.2M (USD12,00,000) बनाउन DNS Firewall को मुल्य 175,000 अमेरिकी डलर भन्दा माथि बढाउने र Switch र routers को cost घटाउनुपर्छ ।</td></tr>
</table>

**विश्लेषण:** 28-Mar-18 8:57:33 PM देखि 28-Mar-18 9:01:55 PM मा आदान प्रदान गरेको WhatApp Message मा प्रतिवादी दिपक आनन्दले "Working on the quote, please confirm if the BoM looks ok" अर्थात *कोटेशनमा काम गर्दै छु।BoM (Bill of Material) ठीक छ कि सुनिश्चित गर्नुहोला* भनी Total Value US$12,50,000 उल्लेख गरी 9 Items को BoM (Bill of Material) को तालिका समेत प्रतिवादी सुनिल पौडेललाई पठाएको देखिन्छ।प्रतिवादी सुनिल पौडेलले ठेक्काको लागत 1.2M (US$12,00,000.00) बनाउन DNS(Domain Name System) Firewall को मुल्य US$175,000 अमेरिकी डलर भन्दा माथि बढाउने र Switch र routers को cost घटाउनुपर्छ भन्ने व्यहोरा संवादबाट देखिन्छ।साथै तालिका २ मा विश्लेषण गरिएबमोजिमको प्रतिवादीहरु वीचको संवादमा लागत अनुमानको लागि पठाईएको तालिकाको Items को S.No. 1, 2 सामाग्री F5 कम्पनी, S.No. 3, 4, 5 सामाग्री InstaSafe कम्पनी, S.No. 6, 7, 8, 9 सामाग्री Cisco कम्पनीको देखिएको।

## तालिका नं. ३ः

## दिपक आनन्दले 29-Mar-18 1:06:36 PM मा Total Value US$12,00,000 हुने गरी पुनः BoM (Bill of Materials) को तालिका प्रतिवादी सुनिल पौडेललाई पठाएको

✓ Received

**919971766006 (Deepak Ananda)** 29-Mar-18 1:06:36.000 PM

| S.No | Description | Qty | Unit Price | Total (USD) |
|---|---|---|---|---|
| 1 | Application Load Balancer with Web Application Firewall and Bandwidth Manager with one year Support | 2 | 1,75,000 | 3,50,000 |
| 2 | DNS Firewall with One Year Support | 2 | 1,60,000 | 3,20,000 |
| 3 | Web Proxy for 100-249 users with One Year Support and Subscription | 2 | 25,000 | 50,000 |
| 4 | E-mail Security for 100-249 Users with One Year Support and Subscription | 2 | 25,000 | 50,000 |
| 5 | Secure Remote Access for 100-249 users with 1 year of support and subscription | 4 | 25,000 | 1,00,000 |
| 6 | Next Generation Firewall with IPS and Advanced Threat Protection with 1 year of support and subscription | 2 | 70,000 | 1,40,000 |
| 7 | Gateway router with 10G of throughput with GE ports with 1 year of support and subscription | 2 | 63,000 | 1,26,000 |
| 8 | 48 port 1G/10G base-T switch for DRC with 1 Year of support and Subscription | 4 | 15,000 | 60,000 |
| 9 | End point antimalware software for servers with 1 year of support and subscription | 50 | 80 | 4,000 |
| | **Total Value** | | | 12,00,000 |

**बिश्लेषणः** प्रतिवादी सुनिल पौडेलले भने बमोजिमको प्रतिवादी दिपक आनन्दले लागतमा हेरफेर गरी Total Value US$12,00,000 हुने गरी पुनः BoM (Bill of Materials) को तालिका प्रतिवादी सुनिल पौडेललाई पठाएको संवादबाट देखिएको।

## तालिका नं. ४:

## Exclusive Networks Asia Pte. Ltd., Singapore ले पेस गरेको देखाईएको कोटेशन

To: National Information Technology Center,
Ministry of Science and Technology ,Government of Nepal
Singhdurbar, Kathmandu

Attn:

EXCLUSIVE NETWORKS
Exclusive Networks Asia Pte. Ltd.
No 5 Pereira Road #02-03
Aslawide Industrial Building,
Singapore 368025
Email: pbisht@exclusive-networks.com

Date : 29/03/2018
Quotation No : F5/29032018
End User: National Information Technology Center

Ref: We are pleased to quote our best prices for F5 Networks.

| S.No. | Description | Qty | Unit Price (USD) | | Final Price (USD) | |
|---|---|---|---|---|---|---|
| 1 | Application Load Balancer with Web Application Firewall and Bandwidth Manager with one year Support | 2 | USD | 175,000.00 | USD | 350,000.00 |
| 2 | DNS Firewall with One Year Support | 2 | USD | 160,000.00 | USD | 320,000.00 |
| 3 | Web Proxy for 100-249 users with One Year Support and Subscription | 2 | USD | 25,000.00 | USD | 50,000.00 |
| 4 | E-mail Security for 100-249 Users with One Year Support and Subscription | 2 | USD | 25,000.00 | USD | 50,000.00 |
| 5 | Secure Remote Access for 100-249 users with 1 year of support and subscription | 4 | USD | 25,000.00 | USD | 100,000.00 |
| 6 | Next Generation Firewall with IPS and Advanced Threat Protection with 1 year of support and subscription | 2 | USD | 70,000.00 | USD | 140,000.00 |
| 7 | Gateway router with 10G of throughput with GE ports with 1 year of support and subscription | 2 | USD | 63,000.00 | USD | 126,000.00 |
| 8 | 48 port 1G/10G base-T switch for DRC with 1 Year of support and Subscription | 4 | USD | 15,000.00 | USD | 60,000.00 |
| 9 | End point antimalware software for servers with 1 year of support and subscription | 50 | USD | 80.00 | USD | 4,000.00 |
| | | Grand Total | USD | | | 1,200,000.00 |

Terms & Conditions for USD Order

| | | |
|---|---|---|
| 1 | Payment Terms | Advance TT |
| 2 | Delivery | 4-6 weeks from the date of Receipt of PO. |
| 3 | Implementation | One time installation & deployment charges are applicable, if done by Transition Systems |
| 4 | Tax | Taxes extra, at the time of billing will be applicable. |
| 5 | Price | Quoted is the Net-Remittance value to TransitionSystems. |
| 6 | Validity of Quote | The above exclusive offer is valid only for 7 days from the date of offer. |

Order Placement Details

Exclusive Networks Asia Pte. Ltd.
No 5 Pereira Road #02-03, Aslawide Industrial Building, Singapore 368025

Price quoted is the Net-Remittance value to TransitionSystems. *** prices are subject to change without prior notice.***
WHT and LC or Overhead charges will be extra as applicable.
Prices: US$ prices quoted are Ex- Warehouse Singapore.Local tax & withholding taxes will be extra .You need to designate a Freight Forwarder & Clearing agent to
Beneficiary : Exclusive Networks Asia Pte. Ltd.
Banker : Societe Generale, Singapore (SWIFT BIC: SOGESGSG)
Bank account : 162834871001
Bank address : 8 MARINA BD,MBFC TOWER 1,#12-01,SINGAPORE 018981

Sales Manager (North & Nepal)- F5
9821417904
pbisht@exclusive-networks.com

Exclusive Networks Sales India Pvt. Ltd.

**बिश्लेषणः** Exclusive Networks Asia Pte. Ltd, Singapore ले पेस गरेको देखाईएको कोटेशन निम्न अनुसारको रहेको देखिन्छ। साथै उक्त कोटेसन प्रतिवादीहरु बीचको संवादमा आदान प्रदान भएको **तालिका नं. ३** सँग हुवहु मिलेको देखिन्छ। साथै मिसिल संलग्न **Exclusive Networks Asia pte. Ltd. Singapore को Quotation को पत्रमा Exclusive Networks Sales India Pvt. Ltd. को छाप (Stamp Pad) रहेकोले उल्लिखित Quotation आधिकारिक नरहेको देखिएको।**

<u>**तालिका नं. ५:**</u>

<u>**सुनिल पौडेलले Correction गरी दिपक आनन्दलाई पठाएको Images.**</u>



**Commercial Proposal**

InstaSafe
Cloud. Secure. Instant.

Account: National Information Technology Centre
Attention :

Address: Singhdurbar, Kathmandu

Email: info@nitc.gov.np
EndUser:

Quotation Date: March 29, 2018
Quotation Valid Until: April 5, 2018
Annual Support: Yes

| Product Description | Users | Unit Price (USD) | Total (USD) |
|---|---|---|---|
| Application Load Balancer with Web Application Firewall and Bandwidth Manager with one year Support | 2 | 1,35,000.00 | 2,70,000.00 |
| DNS Firewall with one year Support | 2 | ~~80,000.00~~ 125000 | 1,60,000.00 |
| Web Proxy for 100-249 users with one year support and subscription | 2 | 43,000.00 | 86,000.00 |
| E-mail security for 100-249 users with one year support and subscription | 2 | 43,000.00 | 86,000.00 |
| Secure remote access for 100-249 users with one year support and subscription | 4 | 43,000.00 | 1,72,000.00 |
| Next generation Firewall with IPS and Advanced Threat Protection with one year support and subscription | 2 | ~~86,000.00~~ 81,000 | 1,72,000.00 |
| Gateway router with 10G of throughput with GE ports with one year support and subscription | 2 | ~~1,07,500.00~~ 71,000 | 2,15,000.00 |
| 48 port 1G/10G base-T switch for DRC with one year support and subscription | 4 | ~~31,000.00~~ 18,000 | 1,24,000.00 |
| End point antimalware software for servers with one year support and subscription | 50 | 85.00 | 4,250.00 |
| | | Total | 12,89,250.00 |

| Contact Information: | Terms & Conditions |
|---|---|
| Prashanth G<br>InstaSafe Technologies Pvt Ltd<br>CA Site no 1, GINSERV, Kodihalli, HAL 3rd Stage, Bangalore - 560008<br>Phone: 8880220044<br>prashanth@instasafe.com<br>Cell: +91-9845775061 | 1. Payment : 100 % advance along with purchase order.<br>2. Taxes : GST @ 18% applicable at the time of biliing<br>GST No: 29AADCI0935N1Z8<br>SAC code: 998313<br>3. Delivery : Online delivery within 4-6 weeks of receiving the complete order.<br>4. Implementation: One time installation and deployment charges are applicable.<br>5. Price: Quoted is the Net-remittance value to InstaSafe. |

**बिश्लेषणः** 09-May-18 10:24:58 AM मा आदान प्रदान गरेको WhatAPP Message मा सुनिल पौडेलले Instasafe Technologies Pvt. Ltd., Bangalore को Commercial Proposal मा Correction गरी सोही अनुरूपको Quotation बनाउन आनन्दलाई पठाएको देखिन्छ। उक्त कोटेशनलाई प्रतिवादी सुनिल पौडेलले **रातो मशीले Correction गरेको देखिएको ।**

## तालिका नं. ६

## Instasafe Technologies Pvt. Ltd., Bangalore को Commercial proposal को पत्र

**Commercial Proposal**

InstaSafe
Cloud. Secure. Instant.

**Account:** National Information Technology Centre
**Attention :**

**Address:** Singhdurbar, Kathmandu

**Email:** info@nitc.gov.np
**EndUser:**

Quotation Date: March 29, 2018
Annual Support: Yes

| | Users | Unit Price (USD) | Total (USD) |
|---|---|---|---|
| Application Load Balancer with Web Application Firewall and Bandwidth Manager with one year Support | 2 | 1,35,000.00 | 2,70,000.00 |
| DNS Firewall with one year Support | 2 | 1,25,000.00 | 2,50,000.00 |
| Web Proxy for 100-249 users with one year support and subscription | 2 | 43,000.00 | 86,000.00 |
| E-mail security for 100-249 users with one year support and subscription | 2 | 43,000.00 | 86,000.00 |
| Secure remote access for 100-249 users with one year support and subscription | 4 | 43,000.00 | 1,72,000.00 |
| Next generation Firewall with IPS and Advanced Threat Protection with one year support and subscription | 2 | 81,000.00 | 1,62,000.00 |
| Gateway router with 10G of throughput with GE ports with one year support and subscription | 2 | 71,000.00 | 1,42,000.00 |
| 48 port 1G/10G base-T switch for DRC with one year support and subscription | 4 | 18,000.00 | 72,000.00 |
| End point antimalware software for servers with one year support and subscription | 50 | 85.00 | 4,250.00 |
| | | Total | 12,44,250.00 |

| Contact Information: | Terms & Conditions |
|---|---|
| Prashanth G | 1. Payment : 100 % advance along with purchase order. |
| InstaSafe Technologies Pvt Ltd | 2. Taxes : GST @ 18% applicable at the time of bililng<br>GST No: 29AADCI0935N1Z8<br>SAC code: 998313 |
| CA Site no 1, GINSERV, Kodihali<br>HAL 3rd Stage, Bangalore - 560008 | 3. Delivery & Installation: Online delivery within one week of receiving the complete order at acceptable terms along with the advance for the same. |
| Phone: 8880220044<br>prashanth@instasafe.com<br>Cell: +91-9845775061 | 4. Services include: Online Implementation, Product Training Telephone & Email Support |

**बिश्लेषणः** प्रतिवादी सुनिल पौडेलले भने बमोजिम नै प्रतिवादी दिपक आनन्दले Instasafe Technologies Pvt. Ltd., Bangalore को Commercial proposal को पत्र सच्याई पठाएको देखिन्छ। उक्त तथ्य निम्न तालिका नं. ६ अनुसार रहेको देखिन्छ। उक्त कोटेशनलाई लागत अनुमान तयार गर्ने आधारका रूपमा लिइएको देखिन्छ। Instasafe Technologies Pvt. Ltd., Bangalore को Mar 29, 2018 को Quotation प्रतिवादी सुनिल पौडेलले प्रतिवादी दिपक आनन्दलाई सच्याउन पठाएबमोजिमको Quotation सच्याएर आएकोसँग हुबहु देखिएको।

## तालिका नं. ७:

## Tech Data (Singapore) PTE. LTD. को Commercial proposal को पत्र

TechData

**TECH DATA (SINGAPORE) PTE. LTD.**

Mar 29th 2018

To,

National Information Technology Center
Singh Darbar, Kathmandu

Dear Sir/Madam,

As discussed, please find below our best commercial for F5 Solution:

| S.No | Description | Qty | Unit Price | Total (USD) |
|---|---|---|---|---|
| 1 | Application Load Balancer with Web Application Firewall and Bandwidth Manager with one year Support | 2 | $183,750.00 | $367,500.00 |
| 2 | DNS Firewall with One Year Support | 2 | $168,000.00 | $336,000.00 |
| 3 | Web Proxy for 100-249 users with One Year Support and Subscription | 2 | $26,250.00 | $52,500.00 |
| 4 | E-mail Security for 100-249 Users with One Year Support and Subscription | 2 | $26,250.00 | $52,500.00 |
| 5 | Secure Remote Access for 100-249 users with 1 year of support and subscription | 4 | $26,250.00 | $105,000.00 |
| 6 | Next Generation Firewall with IPS and Advanced Threat Protection with 1 year of support and subscription | 2 | $73,500.00 | $147,000.00 |
| 7 | Gateway router with 10G of throughput with GE ports with 1 year of support and subscription | 2 | $66,150.00 | $132,300.00 |
| 8 | 48 port 1G/10G base-T switch for DRC with 1 Year of support and Subscription | 4 | $15,750.00 | $63,000.00 |
| 9 | End point antimalware software for servers with 1 year of support and subscription | 50 | $84.00 | $4,200.00 |
| | **Total Value** | | | **$12,60,000.00** |

**बिश्लेषणः** Tech Data (Singapore) PTE. LTD. को कोटेशन निम्न तालिका नं. ७ अनुसार रहेको देखिन्छ। प्रतिवादीहरु सुनिल पौडेलले र दिपक आनन्दको मिलोमतोमा Supply, Delivery and Installment of Security Appliances and Network Equipment खरिदको लागत अनुमान तयार गर्ने गराउने प्रयोजनका लागि प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई तालिका नम्वरहरु ४, ६, ७ बमोजिमको ३ (तीन) ओटा कम्पनीहरूको 29-Mar-18 मिति उल्लेख गरेको कोटेशनहरु दिएको देखिएको।

## तालिका न. ८:

## मिति 05-Apr-18 2:14:34 PM देखि 5-Apr-18 2:17:01 (बि.सं. २०७४।१२।२२)मा गरेको WhatAPP Message को संवाद

<table>
<tr><th>WhatsApp Message</th><th>नेपालीमा विवरण</th></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 05-Apr-18 2:14:34.000 PM

<table>
<tr><th>Description</th><th>Value (USD)</th></tr>
<tr><td>F5</td><td>400</td></tr>
<tr><td>Cisco</td><td>400</td></tr>
<tr><td>Instasafe</td><td>25</td></tr>
<tr><td>Thakral Margin</td><td>100</td></tr>
<tr><td>Consulting Fee</td><td>275</td></tr>
<tr><td></td><td>1200</td></tr>
</table>

</td><td>ठेक्का बापत F5, Cisco र Instasafe ले पाउने रकम, नेपालका तर्फबाट बोलपत्रमा भाग लिने कम्पनी Thakral को Margin र Consulting fee भनेर रकमको बाँडफाँड गरेर तालिका।</td></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 05-Apr-18 2:14:57.000 PM

Please find the calculation

</td><td>दिपक आनन्दले उल्लेखित तालिका अनुसारको Calculation हेर्न भनेको,</td></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 05-Apr-18 2:15:53.000 PM

I will send the Thakral proposal

</td><td>दिपक आनन्दले उक्त माथि उल्लेखित तालिका बमोजिमको प्रस्ताव Thakral One Nepal Pvt. Ltd. लाई पठाउने कुरा गरेको, Consulting fee भन्नाले तपाईं (सुनिल</td></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 05-Apr-18 2:17:01.000 PM

Consulting fee if your money.

</td><td>पौडेल) को रकम हो भनी स्पष्ट पारेको,</td></tr>
</table>

**बिश्लेषण:** मिति 05-Apr-18 2:14:34 PM देखि 5-Apr-18 2:17:01 (बि.सं. २०७४।१२।२२) सम्म Supply, Delivery and Installation of Security Appliances and Network Equipment सामाग्रीको लागत अनुमान तयार गर्न र उक्त लागत अनुमानमा घुस रिसवत रकमसमेत समावेश गर्ने रकमसमेत सम्वन्धमा निम्न तालिका नं. ८ अनुसारका WhatAPP Message को संवाद आदान प्रदान भएको देखिएको।

उल्लिखित वार्तालापमा राष्ट्रिय सूचना प्रविधि केन्द्रले Supply, Delivery and Installment of Security Appliances and Network Equipment ठेक्का लगाउदा F5 कम्पनी सामानको मूल्य-$400 (US$400,000), Cisco को कम्पनीको सामानको मूल्य-$400 (US$400,000) र Instasafe कम्पनीको मूल्य-$25 (US$25,000) उल्लेख गर्ने गराउने, नेपालका तर्फबाट बोलपत्रमा भाग लिने कम्पनी Thakral One Nepal Pvt. Ltd. हुने, उक्त कम्पनीको Margin-$100 (US$100,000) र प्रतिवादी सुनिल पौडेललाई Consulting fee-$275 (US$275,000) दिने गरी रकमको बाँडफाँड तालिका प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई Message गरेको देखिन्छ र सोही अनुसारको प्रस्ताव Thakral One Nepal Pvt. Ltd. लाई पठाउने भनी संवाद गरेको देखिन्छ । त्यसमध्ये Consulting fee भन्नाले प्रतिवादी सुनिल पौडेलले पाउने घुस रिसवत बापतको रकम $275 (US$275,000) हो भनेर दिपक आनन्दले स्पष्ट पारेको समेत देखिएको।

## <u>तालिका ९:</u>

## <u>मिति 05-Apr-18 2:17:40 PM देखि 5-Apr-18 2:18:00 मा गरेको WhatAPP Message को संवाद</u>

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| ↗ Delivered<br>**Local User** 05-Apr-18 2:17:40.973 PM<br>But that figure was when we made 0.8 Million project | उक्त Consulting Fee को बापत पाउने भनिएको रकम २७५ हजार अमेरिकी डलर, ०.८ मिलियन अमेरिकी डलरको लागतको ठेक्कामा पाउनुपर्ने रकम हो र अब १.२ मिलियन अमेरिकी डलरको ठेक्कामा समेत एकै परिमाणको घुस रिसवत वापतको रकम २७५ हजार अमेरिकी डलर भएकोले द्विविधामा परेको छु। |
| ↗ Delivered<br>**Local User** 05-Apr-18 2:17:54.012 PM<br>And now we are making 1.2.. | |
| ↗ Delivered<br>**Local User** 05-Apr-18 2:18:00.663 PM<br>I'm confused | |

**बिश्लेषण:** प्रतिवादी सुनिल पौडेललाई दिइने भनिएको रकम २७५ हजार अमेरिकी डलरमा चित्त नबुझाई उक्त रकम ०.८ मिलियन अमेरिकी डलर **(तत्कालीन् प्रचलित विदेशी विनिमय अनुसार लगभग ८ करोड नेपाली रुपैंया)** को लागतको काम गर्दा नै प्राप्त हुनपर्ने तर १.२ मिलियन अमेरिकी डलर (तत्कालीन् प्रचलित विदेशी विनिमय अनुसार लगभग १२ करोड नेपाली रुपैंया) को ठेक्कामा समेत त्यति नै रकम बराबरको २७५ हजार अमेरिकी डलर घुस रिसवत वापतको रकम भएकोले चित्त बुझेन भनी प्रतिवादी दिपक आनन्दलाई Message गरेको देखिन्छ ।

## तालिका १०:

## मिति 05-Apr-18 11:54:40 PM देखि 6-Apr-18 7:29:24 मा गरेको WhatAPP Message को संवाद

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 05-Apr-18 11:54:40.000 PM<br>The best at this stage is that I further discount F5 components to round off your consulting share to 300K. | Cisco का उपकरणमा discount गरी दिपक आनन्दले सुनिल पौडेललाई ३०० हजार अमेरिकी डलरसम्म दिन सक्ने भनेको, |
| **919971766006 (Deepak Ananda)** ✓ Received 05-Apr-18 11:55:54.000 PM<br>You also need to consider Cisco BoM is enterprise class with advanced HIPS. | |
| **Local User** ↗ Delivered 06-Apr-18 7:29:24.286 AM<br>Hi Deepak!<br>Sry couldn't receive your call last night. Now I'm off the meeting for the same. Will share you the development after it. But it seem difficult to go with Cisco products in such a low margin, in worst cas scenario we may need to go for ONLY security products without Cisco. Will confirm our opinion after the meeting. | सुनिल पौडेलले यति थोरै margin मा Cisco को product खरिद गर्न गाह्रो भएको छ। यस्तो प्रतिकुल अवस्थामा Cisco विनाको Security Products मात्र खरिद गर्दा ठीक होला। मिटिङ पछि हाम्रो धारणा conform गरौंला भनेको देखिन्छ। |

**विश्लेषण:** भारतीय नागरीक तथा नेपालका लागि F5 का प्रतिनिधि दिपक आनन्दले F5 का उपकरणमा थप discount गरेर प्रतिवादी सुनिल पौडेललाई 300K (US$300,000) सम्म रकम दिन सकिने भनी प्रतिवादी सुनिल पौडेललाई जवाफ पठाएको देखिन्छ । तर प्रतिवादी सुनिल पौडेलले *"But it seem difficult to go with Cisco products in such a low margin, in worst cas scenario we may need to go for ONLY security products without Cisco. Will confirm our opinion after the meeting"* भनी $300K (US$300,000) मा पनि चित्त नबुझाई घुस रिसवतको रकममा प्रतिवादी दिपक आनन्दसँग **बार्गेनिङ्ग** गरी रहेको देखिन्छ।

## तालिका ११:
## मिति 06-Apr-18 10:10:28 AM देखि 6-Apr-18 10:12:51 AM (बि.सं. २०७४।१२।२३) मा गरेको WhatAPP Message को संवाद

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 06-Apr-18 10:10:28.000 AM<br>I would suggest, before you finalize let me know the expectation. | दिपक आनन्दले सुनिल पौडेललाई तपाईंको Expected रकम कति हो भनी सोधेको, |
| **919971766006 (Deepak Ananda)** ✓ Received 06-Apr-18 10:10:36.000 AM<br>I will work on the same & then you decide. | सुनिल पौडेलसँग दिपक आनन्दले तपाईंको निर्णय बमोजिम नै गर्ने छु भनेको, |
| **919971766006 (Deepak Ananda)** ✓ Received 06-Apr-18 10:12:50.000 AM<br>For Example: You expect 300K-350K OR 400K | जस्तो कि तपाई US$300,000-350,000 अर्थात US$400,000 मध्ये कति expect गर्नु हुन्छ? |
| **919971766006 (Deepak Ananda)** ✓ Received 06-Apr-18 10:12:51.000 AM<br>Accordingly I will work, if you are convinced go ahead or drop it. | सोही अनुसार म कार्य गर्छु,तपाईं सहमत हुनुहन्छ भने अगाडि बढ्नु, नत्र रोक्ने भनी दिपक आनन्दले सुनिल पौडेललाई भनेको, |

**बिश्लेषणः** प्रतिवादी दिपक आनन्दले "For Example: You expect 300K-350K OR 400K, accordingly I will work, if you are convinced go ahead or drop it" अर्थात सोही अनुसार म कार्य गर्छु, तपाईं सहमत हुनुहन्छ भने अगाडि बढ्नु, नत्र रोक्ने भनी प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई भनी प्रतिवादी सुनिल पौडेलको घुस रिसवत बापत लिन चाहेको रकम के कति अपेक्षा रहेको बुझ्न खोजेको देखिन्छ ।

## <u>तालिका १२:</u>

## <u>मिति 06-Apr-18 12:59:45 PM मा गरेको WhatAPP Message को संवाद</u>

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| ↗ Delivered<br>**Local User** 06-Apr-18 12:59:45.390 PM<br>Hi! Deepak,<br>talked with stakeholders, it is very difficult to work in 300k ...<br>let's make it for 400K and size project accordingly.<br>Thanks! | सरोकारवालासँग कुरा गरें, 300K मा काम गर्न गाह्रो हुने भएकाले 400K चाहिने र आयोजनाको आकारलाई समेत यहि अनुसार बनाऔं, |

**बिश्लेषण:** प्रतिवादी सुनिल पौडेलले  Hi!  Deepak,  talked with stakeholders, it is very difficult to work in 300k ...let's make it for 400K and size project accordingly.  Thanks! अर्थात *सरोकारवालाहरूसँग कुरा गरे, 300k मा काम गर्न धेरै गाह्रो छ ... यसलाई 400K बनाऔं र परियोजनाको साइज यसै अनुसार बनाउँ* भनेको देखिन्छ । यसरी प्रतिवादी सुनिल पौडेलले $300K (US$300,000) मा काम गर्न गाह्रो हुने भएकाले 400K (US$400,000) घुस रिसवत चाहिने र आयोजनाको आकार (Project को Quantity and Quality भनी बुझ्न सकिने) लाई समेत सोहि अनुसार बनाऊ भनी प्रतिवादी दिपक आनन्दलाई जवाफ पठाएको देखिन्छ ।

## तालिका १३:

## मिति 07-Apr-18 6:41:51 PM देखि 7-Apr-18 7:16:58 (बि.सं. २०७४।१२।२४) मा गरेको WhatAPP Message को संवाद

<table>
<tr><th>WhatsApp Message</th><th>नेपालीमा विवरण</th></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 07-Apr-18 6:41:51.000 PM

I tried to match 400K as per your asked price, but the Cisco BoM will be become very basic.

</td><td>तपाईंले भनेजस्तै 400,000 अमेरिकी डलर पुर्याउन कोशिस गरेको छु तर Cisco को उपकरण सामान्य खालको मात्र हुन जाने,</td></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 07-Apr-18 6:41:51.000 PM

<table>
<tr><th>Description</th><th>Value (USD)</th></tr>
<tr><td>F5</td><td>400</td></tr>
<tr><td>Cisco</td><td>300</td></tr>
<tr><td>Instasafe</td><td>25</td></tr>
<tr><td>Thakral Margin</td><td>100</td></tr>
<tr><td>Consulting Fee</td><td>375</td></tr>
<tr><td>Total</td><td>1200</td></tr>
</table>

</td><td>सुनिल पौडले प्राप्त गर्ने घुस रिसवत बापतको रकम सहितको बिभिन्न Security Appliances र Network Equipment को बाँडफाँड। जसमा घुस रिसवतको रकमलाई Consulting Fee भनिएको छ।</td></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 07-Apr-18 6:42:45.000 PM

If you consider 375K, I will ensure next deal of Zimbra - will compensate 25K.

</td><td rowspan="2">

३७५ हजार अमेरिकी डलरमा चित्त बुझाउने हो भने अर्को Zimbra को ठेक्काबाट २५ हजार अमेरिकी डलर पुर्ती गरौंला

आपूर्ति भएका सामग्रीमा कुनै प्रश्न नहुनु र खर्चको न्यायोचित हुनु नै हाम्रो आशय रहेको

</td></tr>
<tr><td>

**919971766006 (Deepak Ananda)** ✓ Received 07-Apr-18 6:45:10.000 PM

Our intent is to ensure there is no question on the solution & justify the cost spent.

</td></tr>
</table>

| | |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 07-Apr-18 6:45:24.000 PM<br>If you are ok, i will submit the Specs by tomorrow. | यदि तपाईंलाई ठिक छ भने भोलि Specs पठाउँछु। |
| **Local User** ↗ Delivered 07-Apr-18 7:16:58.683 PM<br>Sounds okay..for the quotation .. to make cost estimate pls increase the amount of f5 and make Cisco price as realistic as possible.. can increase price of instasafe though. | ठीक छ तर Quotations को लागि F5 को उपकरणहरूको रकम बढाउनु पर्छ र Cisco को मुल्य वास्तविक होस् र instasafe को पनि मुल्य बढाउन सकिन्छ। |

**बिश्लेषण:** प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई घुस रिसवत वापतको रकम US$275(US$275,000) बाट बढाएर US$375K (US$375,000) सम्म रकम दिन सकिने, यदि त्यसो हो भने भोलिसम्म Specifications पठाउँछु भनी प्रतिवादी सुनिल पौडेललाई जवाफ पठाएको देखिन्छ । उक्त Message को जवाफमा प्रतिवादी सुनिल पौडेलले **ठीक छ** तर Quotations को लागि F5 को उपकरणहरुको रकम बढाउनुपर्छ र Cisco को मुल्य वास्तविक होस्, instasafe को पनि मुल्य बढाउन सकिन्छ भनी प्रतिवादी दिपक आनन्दलाई जवाफ पठाएको देखिन्छ।

## तालिका १४:

## मिति 16-Apr-18 5:03:12 PM देखि 17-Apr-18 10:16:38 AM मा गरेको WhatAPP Message को संवाद

<table>
<tr><th>WhatsApp Message</th><th>नेपालीमा विवरण</th></tr>
<tr><td>919971766006 (Deepak Ananda)<br>✓ Received<br>16-Apr-18<br>5:03:12.000 PM<br>Sir, one question.</td><td rowspan="2">यो ठेक्काको भ्याट सहितको नेपाली कति रकम हो?</td></tr>
<tr><td>919971766006 (Deepak Ananda)<br>✓ Received<br>16-Apr-18<br>5:04:14.000 PM<br>What's the NRP value including VAT approved for this project.</td></tr>
<tr><td>919971766006 (Deepak Ananda)<br>✓ Received<br>16-Apr-18<br>5:06:01.000 PM<br>I have got free from Thakral, all on track.</td><td>यसमा Thakral ले मलाई सबै जिम्मा दिएको छ,</td></tr>
<tr><td>Local User<br>↗ Delivered<br>16-Apr-18 5:06:41.882 PM<br>Great</td><td rowspan="2">भ्याट सहितको १४.५ करोड रुपैयाँ,</td></tr>
<tr><td>Local User<br>↗ Delivered<br>16-Apr-18 5:07:02.465 PM<br>It is 14.50 corre NPR including VAT</td></tr>
<tr><td>919971766006 (Deepak Ananda)<br>✓ Received<br>16-Apr-18<br>5:11:46.000 PM<br>Then you have not included Duty, Banking, Insurance & Custom clearance charges.</td><td>त्यसो भए Duty, Banking, Insurance and Custom Clearance charges समावेश गर्नु भएको छैन</td></tr>
<tr><td>919971766006 (Deepak Ananda)<br>✓ Received<br>16-Apr-18<br>5:14:27.000 PM<br>I just completed the NPR Calculation for 1.2M, it lands to 16Cr.</td><td>मैले १२ करोड रुपैंयाको Calculation पुरा गरेको छु, यो १६ करोड रुपैंया सम्म पुग्छ।</td></tr>
</table>

| | |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 16-Apr-18 5:15:29.000 PM<br>16Cr including VAT | |
| **Local User** ↗ Delivered 17-Apr-18 10:05:45.969 AM<br>Hi! Deepak,<br>Any update abt th calculations?<br>I'need to attend meeting @ Ministry and will be available for call only after 1PM.<br>Thanks! | यो हिसाव किताबमा केहि अद्यावधित बएको छ? मैले मन्त्रालयमा meeting attend गर्नुछ, म दिउँसो १ बजे पछि मात्र उपलब्ध हुनेछु। |
| **919971766006 (Deepak Ananda)** ✓ Received 17-Apr-18 10:15:59.000 AM<br>Morning sir, I am meeting Thakral for this calculation at 12.30pm. | म Thakral सँग उक्त calculation को लागि दिउँसो १२.३० बजे भेट्दै छु। |
| **919971766006 (Deepak Ananda)** ✓ Received 17-Apr-18 10:16:38.000 AM<br>I spoke other partner, I have some calculation to question Thakral. | मैले अर्को partner सँग कुरा गरेको छु, Thakral सँग प्रश्न गर्न मसँग केही calculation छन्। |

**बिश्लेषणः** प्रतिवादी दिपक आनन्दले ठेक्काको कूल रकम नेपाली रुपैयाँमा कति भनी सोधेको देखिन्छ। उक्त सवालको जवाफमा प्रतिवादी सुनिल पौडेलले ***"It is 14.50 corre NPR including VAT"*** अर्थात भ्याट सहित **१४.५ करोड** भनेर भनेको देखिन्छ । प्रतिवादी दिपक आनन्दले त्यसो भए **Duty, Banking, Insurance and Custom Clearance charges** समावेश गर्नु भएको रहेनछ, मैले १२ करोड रुपैंयाको पूरै Calculation गरेको छु, भ्याट सहित यो १६ करोड रुपैंया सम्म पुग्छ भनी प्रतिवादी दिपक आनन्दले बताएको देखिन्छ । त्यसपछि प्रतिवादी दिपक आनन्दले ***"Morning sir, I am meeting Thakral for this calculation at 12.30pm"*** अर्थात म **Thakral** सँग उक्त calculation को लागि दिउँसो १२.३० बजे भेट्दै छु भनेको देखिन्छ । माथि उल्लिखित संवादमा प्रतिवादी दिपक आनन्दले Thakral सँग भेट्छु भने अनुसार नै बोलपत्र आह्वानको सूचना प्रकाशन हुन अगाडि नै प्रतिवादी दिपक आनन्दसँग ठेक्का सम्बन्धी कुराकानी भएको उक्त संवादबाट देखिएको।

**तालिका १५:**

**मिति 17-Apr-18 1:03:56 PM देखि 17-Apr-18 1:04:10 PM (बि.सं. २०७५।०१।०४) मा गरेको WhatAPP Message को संवाद**

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 17-Apr-18 1:03:56.000 PM<br>Your value will be 350K instead of 375K. | तपाईंले 375K नभई 350K (US$350,000) रकम पाउनुहुनेछ, |
| **919971766006 (Deepak Ananda)** ✓ Received 17-Apr-18 1:04:10.000 PM<br>Thakral margin will be 85K instead of 100K. | Thakral को Margin 100K नभई 85K (US$85,000) हुनेछ। |

**बिश्लेषणः** प्रतिवादी सुनिल पौडेलले 375K नभई 350K (US$350,000) घुस रिसवत बापत रकम पाउने र Thakral को Margin 100K(US$100,000) नभई 85K (US$85,000) हुने भनी प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई Message पठाएको देखिएको ।

# तालिका १६:

## मिति 03-May-18 6:42:38 PM देखि 5-May-18 4:20:19मा गरेको WhatAPP Message को संवाद

<table>
<tr><th>WhatsApp Message</th><th>नेपालीमा विवरण</th></tr>
<tr><td>↗ Delivered<br>**Local User** 03-May-18 6:42:38.211 PM<br>Hi! Deepak,<br>50K seduction is too much for me to accomodate. So we may need to drop one line item preferably one quantity of Cisco ASA. You can check with Cisco for the new discount level after deducting one line item from it.</td><td>दिपक! यसरी 50K नै घटाउँदा गाह्रो हुन्छ, त्यसैले Cisco को item बाट One quantity घटाउनुपर्ने हुन सक्छ, तपाईंले cisco को one line item घटाएपछि कति cost हुन्छ चेक गर्नु न,</td></tr>
<tr><td>✓ Received<br>**919971766006 (Deepak Ananda)** 03-May-18 7:40:31.000 PM<br>Hi Sir, Cisco will reduce discount from 78% to 65% if we cut any product.</td><td>कुनै product हटायो भने cisco ले Discount 78% बाट 65% मा घटाउन सक्छ,</td></tr>
<tr><td>✓ Received<br>**919971766006 (Deepak Ananda)** 03-May-18 7:40:51.000 PM<br>
<table>
<tr><th colspan="2">Actual</th></tr>
<tr><td>F5</td><td>$450.00</td></tr>
<tr><td>Cisco</td><td>$176.00</td></tr>
<tr><td>Instasafe</td><td>$50.00</td></tr>
<tr><td>Thakral Margin</td><td>$85.00</td></tr>
<tr><td>Consulting fee</td><td>$310.00</td></tr>
<tr><td>Total (14.50 CR NPR)</td><td>$1,071.00</td></tr>
</table>
<table>
<tr><th colspan="2">Approx Quoting</th></tr>
<tr><td>F5</td><td>$650.00</td></tr>
<tr><td>Cisco</td><td>$195.00</td></tr>
<tr><td>Instasafe</td><td>$226.00</td></tr>
<tr><td>Thakral Margin</td><td>$0.00</td></tr>
<tr><td>Consulting fee</td><td>$0.00</td></tr>
<tr><td>Total (14.50 CR NPR)</td><td>$1,071.00</td></tr>
</table>
</td><td>वास्तविक रकम बाँडफाँड र बोलपत्रमा quote गर्ने रकम समावेस गरी तालिका बनाई दिपक आनन्दले पठाएको। वास्तवमा F5 लाई US$450,000 Cisco लाई US$176,000.00 Instasafe लाई US$50,000.00 Thakral Margin बापत US$85,000.00 र consulting Fee बापत US$310,000.00 रकम लिनेदिने तय भएको देखिन्छ। बोलपत्रमा Quote गर्दा F5 को US$650,000.00, Cisco को US$195,000.00 Instasafe को US$226,000.00 राखी कुल ठेक्का रकम १४ करोड ५० लाख बनाई पेस गर्न भनिएको देखिन्छ।</td></tr>
<tr><td>✓ Received<br>**919971766006 (Deepak Ananda)** 03-May-18 7:41:04.000 PM<br>This is max stretch I can do.</td><td>म यति सम्म अधिकतम Stretch गर्न सक्छु।</td></tr>
<tr><td>↗ Delivered<br>**Local User** 05-May-18 4:20:19.343 PM<br>Yeap.. let's confirm for 310K</td><td>त्यसो भए 310k मा confirm गरौं,</td></tr>
</table>

**बिश्लेषण:** त्यसैगरी प्रतिवादी सुनिल पौडेलले "Hi! Deepak, 50K seduction is too much for me to accommodate. So we may need to drop one line item preferably one quantity of Cisco ASA. You can check with Cisco for the new discount level after deducting one line item from it." (03-May-18 6:42:38.211 PM) भनी Message प्रतिवादी दिपक आनन्दलाई पठाएको देखिएकोमा प्रतिवादी दिपक आनन्दले जवाफमा "This is the max stretch I can do." ( ०३-May-१८ ७:४१ ०४.००० PM) भनी घुस रिसवत रकम US$३१०K(US$३१०,०००) मा स्वीकार गरेको देखिएको। यसरी प्रतिवादीहरु सुनिल पौडेल र दिपक आनन्द बीच बार्गेनिङ हुँदै गर्दा वास्तविक र बोलपत्रमा quote गर्ने घुस रिसवत सहितको रकम Approx Quoting मा Actual Quoting बाट consulting Fee: $310(US$310,000) (घुस रिसवत) र Thakral Margin: $85 लाई समेत समावेश गरी F5 कम्पनीको सामानहरुको वास्तविक मूल्य $450 (US$450,000) बाट बढाएर $650(US$650,000) पुऱ्याएको देखिन्छ, त्यस्तै Cisco कम्पनीको सामानहरुको वास्तविक मूल्य $176(US$176,000) बाट बढाएर $195(US$195,000) पुऱ्याएको देखिन्छ । त्यसैगरी Instasafe कम्पनीको सामानहरुको वास्तविक मूल्य $50(US$50,000) बाट बढाएर $226(US$226,000) पुऱ्याएको देखिन्छ । यसरी Supply, Delivery and Installment of Security Appliances and Network Equipment को जम्मा बास्तविक लागत US$676(US$676,000) भएको देखिएकोमा उक्त रकम प्रतिवादी सुनिल पौडेललाई दिईने घुस रिसवत रकम US$310 (US$310,000) र नेपाली बोलपत्रदाता Thakral कम्पनीलाई US$85 (US$85,000) समेत गरी जम्मा US$1071(US$10,71,000) **(मूल्य अभिवृद्धि कर, भन्सार, Transportation, Insurance लगायतको खर्च बाहेक)** खुद लिने दिने रकम भनी प्रतिवादीहरु वीच संवाद भएकोमा सोही अनुसारका कम्पनीको सामानहरुमा अस्वभाविक मूल्य वढाई उक्त बढाएको रकमबाट घुस रिसवतको लिने दिने गरी प्रतिवादीहरु वीच सहमती भएको संवादबाट देखिन्छ। तसर्थ प्रतिवादी सुनिल पौडलको कमिशन/घुस रिसवत बापत 310K (US$310,000) पाउने विषयमा प्रतिवादी दिपक आनन्दले मिति 3-may-18 07:40:31 PM मा तालिका नै बनाएर Consulting Fee शीर्षकमा 310K (US$310,000) दिने प्रस्ताव गरेको देखिन्छ र प्रतिवादी दिपक आनन्दले This is a max stretch I can do. भनेको समेत देखिन्छ । उक्त विषयमा प्रतिवादी सुनिल पौडेलले ***"Yeap…. Lets conform for 310K"*** भनी घुस रिसवत रकमसमेतमा सहमति जनाएको देखिएको।

## तालिका १७:

## मिति 13-May-18, 9:57:41 AM मा गरेको WhatAPP Message को संवाद

| **WhatsApp** | **नेपालीमा विवरण** |
|---|---|
| ✓ Received<br>**919971766006 (Deepak Ananda)** 13-May-18 9:57:41.000 AM<br>Landed in Kathmandu, will go Thakral for bid preparation. | काठमाडौंमा ल्याण्ड भएँ, बोलपत्र तयारीको लागि Thakral को मा जान्छु। |

**बिश्लेषणः** 13-May-18 9:57:41 AM (तदनुसार बिक्रम सम्बत् २०७५ बैशाख ३० गते) को दिन प्रतिवादी दिपक आनन्द नेपाल आएको र **Thakral One Nepal Pvt. Ltd. का प्रमुख कार्यकारी अधिकृत तथा आपूर्तिकर्ता Astral Computers Nepal Pvt. Ltd**. बाट बोलपत्र पेस गरेको दिन **14-May-0018** मा समेत निज नेपालमै रहेको भन्ने कुराको पुष्टि अध्यागमन विभागको पत्रबाट निज प्रतिवादी दिपक आनन्द नेपाल आएको नेपालबाट गएको विवरणबाट पुष्टि भएको देखिन्छ। सो अनुसार बोलपत्र पेस गर्ने अन्तिम दिन 15 May, 2018 मा प्रतिवादी दिपक आनन्द नेपालमा नै रहेको देखिएको।

**<u>तालिका १८:</u>**

**<u>मिति 30-May-18 8:47:46 PM मा गरेको WhatAPP Message को संवाद</u>**

| **WhatsApp Message** | **नेपालीमा विवरण** |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 30-May-18 8:47:46.000 PM<br>Due to Dollar-NPR variation the value from the bigger deal will go down from 300K. | Dollar-NPR मा आएको Variation ले consulting Fee (घुस रिसवत बापतको रकम) 300K (US$300,000.00) मा घट्ने छ। |

**बिश्लेषण:** घुस रिसवत रकम लिने दिने सम्वन्धमा Dollar-NPR मा आएको Variation ले गर्दा भनी प्रतिवादी दिपक आनन्दले घुस रिसवत रकम 310K (US$310,000) बाट घटाई 300K (US$300,000) मात्र दिन सक्ने भनी प्रतिवादी सुनिल पौडेललाई Message पठाएको देखिएको।

**तालिका १९:**

**मिति 13-Jun-18 3:10:47 PM देखि 13-Jun-18 3:12:55 PM मा गरेको WhatAPP Message को संवाद**

| WhatsApp Message | नेपालीमा विवरण |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 13-Jun-18 3:10:47.000 PM<br>As you are aware, during the large deal we had consider 300K for you while the conversion was 105 and now it's 108.3. | पहिला छलफल गरे अनुसार 300k बाट 280 k मा घट्नेछ, |
| **919971766006 (Deepak Ananda)** ✓ Received 13-Jun-18 3:11:33.000 PM<br>As discussed earliest, in this case the value of 300K will reduce to approx 280K. | |
| **919971766006 (Deepak Ananda)** ✓ Received 13-Jun-18 3:12:55.000 PM<br>Technical it should be 32K reduction. | |

**बिश्लेषणः** प्रतिवादी दिपक आनन्दले *"As you aware, during the large deal we had consider 300K for you while the conversion was 105 and now it's 108.3 As Discussed earliest,in this case value of 300k will reduce to approx. 280k"* अर्थात तपाईंलाई थाहा भएकै कुरा हो, ठुला सम्झौतामा हामीले *US$300,000 विचार गरेका थियौं जबकी त्यो बेला एक अमेरिकी डलर बराबर नेपाली रुपैंया १०५ रुपैंया थियो र अहिले एक अमेरिकी डलर बराबर नेपाली रुपैंया १०८.३ रुपैंया भएकोले हामीले पहिला भनेजस्तै US$300,000.00 बाट घटेर US$280,000.00 हुनेछ* भनी घुस रिसवत बापतको रकम पुनः घटाएर 280k (US$280,000.00) दिन सक्ने भनी प्रतिवादी सुनिल पौडेललाई Message गरेको देखिएको।

## तालिका २०:

## मिति 30-Jul-18 6:04:57 PM मा गरेको WhatApp Message को संवाद

| WhatsApp | नेपालीमा विवरण |
|---|---|
| **919971766006 (Deepak Ananda)** ✓ Received 30-Jul-18 6:04:57.000 PM<br>Sir can you give me the breakup of 280K, how much needs to be wired to US account and how much cash in India ? | सर! USD280,000.00 लाई कसरी बाँडफाँड गर्ने, कति रकम अमेरिकी खातामा पठाउने र कति नगद रकम भारतमा पठाउने? |

**बिश्लेषणः** दिपक आनन्दले Sir can you give me the breakup of 280K, how much needs to be wired to US account and how much cash in India ? Do we have breakup of 280K? अर्थात *सर US$280,000.00 को टुक्रा कसरी गर्ने, यूएस खातामा कति पठाउने र भारतमा कति नगद पठाउने"* भनी प्रतिवादी सुनिल पौडेललाई प्रतिवादी दिपक आनन्दले सोधेको देखिएको।

## तालिका २१:

## मिति 10-Aug-18 9:02:10 AM देखि 10-Aug-18 9:13:03 AM मा गरेको WhatAPP Message को संवाद

| WhatsApp | नेपालीमा विवरण |
|---|---|
| ✓ Received<br>**919971766006 (Deepak Ananda)** 10-Aug-18 9:02:10.000 AM<br>Do we have breakup of 280K? | USD280,000.00 लाई कसरी बाँडफाँड गर्ने? |
| ↗ Delivered<br>**Local User** 10-Aug-18 9:13:03.938 AM<br>Hi Deepak! I've asked Bikal to share with you... hopefully he'll do by today...first hour | दिपक! मेले यसको लागि Bikal लाई भनेको छु, उसले आज First Hour भित्र गर्ला, |

**बिश्लेषण:** घुस रिसवत बापतको रकम कसरी टुक्रयाई उपलब्ध गराउने सम्बन्धमा सोध्दा जवाफमा सुनिल पौडेलले Hi Deepak! I've asked Bikal to share with you... hopefully he'll do by today...first hour अर्थात *दिपक ! मैले बिकललाई तपाईसँग सेयर गर्न आग्रह गरेको छु...आशा छ उसले आज...पहिलो घण्टासम्म गरिहाल्छ"* भनी जवाफ दिएको देखिएको।

## तालिका नं. २२

## प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई दिएको घुस/रिसवत रकम

| सि.नं. | घुस रिसवत रकम (USD) | घुस रिसवत रकम (ने.रु) | कैफियत |
|---|---|---|---|
| १. | US$280,000 | रु.३,०८,५०,४००।– (अक्षरेपि तीन करोड आठ लाख पचास हजार चार सय रुपियाँ मात्र) | नेपाल राष्ट्र बैंकबाट सन् २०१८ अगस्ट १० का लागि निर्धारण गरेको प्रचलित बिदेशी विनिमय दर **(अमेरिकी डलर १ बराबर नेपाली रुपैयाँ ११०।१८) बमोजिम** |